नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

"संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२" को सचिवालय सिंहदरबार, काठमाडौं नेपाल ।

पत्र संख्याः- ०८२/८३

च.नं.:- ४६

मितिः २०८३।०२।०८

## संविधान संशोधनका विषयमा राय सुझाव उपलब्ध गराउने सम्बन्धी सार्वजनिक सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१२/१६ को निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख राजनीतिक सल्लाहकार श्री असिम शाहको संयोजकत्वमा संघीय संसदमा प्रतिनिधित्व गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चाको तर्फबाट एक एक जना प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव, नेपाल कानून आयोगका सचिव सदस्य र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून तथा फैसला कार्यान्वयन महाशाखा प्रमुख सदस्य सचिव रहेको **"संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२"** गठन भएको छ।

यस कार्यदलको मिति २०८३।०१।१० को बैठकले संविधान संशोधन प्रक्रियामा **सबै नेपाली नागरिकको सहभागिता** सुनिश्चित गर्न लिखित रुपमा सुझाव संकलन गर्ने निर्णय गरेको हुँदा नेपालको संविधानमा गर्नुपर्ने सुधार एवं संशोधनको बारेमा सात (७) दिन भित्र देहायको ठेगानामा सुझाव उपलब्ध गराउनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं।

<u>सुझाव पठाउने ठेगानाः</u>

संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२" को सचिवालय,
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

इमेलः sambidhansansodhan@gmail.com वा sambidhansansodhan@opmcm.gov.np

Whatsapp: ९८५६०२९९४७

२०८३।२।८

(लिलाधर सुवेदी)
सदस्य-सचिव